# जनकपुरधाम उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम, धनुषा
### मधेश प्रदेश, नेपाल

पत्र संख्या: ०८०/८१
चलानी नं.

फोन नं. : ०४१-५२०१४६, ५२०५१०
बारुण-यन्त्र: ०४१-५२०५२०, ५२००११


**औषधि उपचार वापत खर्चको लागि नवीकरणको आवेदन पेश गर्ने सम्बन्धी सूचना**
**सूचना प्रकाशित मितिः २०८०/०४/०१**

उपरोक्त सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाण्डौंबाट जारी भएको "मृगौला प्रत्यारोपन गरेका, डायलायसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८" को परिच्छेद २ बुँदा नं. ६ बमोजिम नवीकरण गर्ने प्रावधान रहेको र सो विरामीहरुलाई मासिक रु. ५०००।०० (अक्षरेपी पाँच हजार रुपैया मात्र) उपलब्ध गराईने भनि व्यवस्था रहेकोले तपसिल अनुसारको कागजातहरु सहित आ-आफ्नो वडाको वडा कार्यालयमा सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र नवीकरणको आवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| पेश गर्नुपर्ने कागजातहरु | सेवा उपलब्ध नहुने अवस्थाहरु |
|---|---|
| ✓ नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>✓ नावालकको हकमा जन्मदर्ताको प्रतिलिपी<br>✓ मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्बन्धी प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपी<br>✓ लाभग्राही अनुसूची २ बमोजिमको निवेदन सम्बन्धित वडाको सिफरिस पत्र<br>✓ सम्बन्धित व्यक्तिको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. अनिवार्य | ❖ नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था/संगठनबाट रोजगारी, निबृत्तिभरण वा विदेश सरकारबाट रोजगारी/पेन्सन प्राप्त गरिरहेको व्यक्ति ।<br>❖ नेपाल सरकारबाट उपलब्ध गराउँदै आईरहेको जेष्ठ नागरिक भत्ता/एकल महिला भत्ता, दलित भत्ता अपाङ्ग भत्ता लगायत नेपाल सरकारबाट पाईरहेको सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका बमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्नेछन् ।<br>❖ यसै सूचनामा उल्लेखित एक भन्दा बढी रोग लागेका व्यक्तिले दोहोरो पर्ने गरी यस किसिमको भत्ता प्राप्त गर्ने छैन । |

आवश्यक कार्ययार्थः
श्री वडा कार्यालय (सबै), जनकपुरधाम उप-महानगरपालिका, धनुषा
यप जानकारीको लागि यस कार्यालयको स्वास्थ्य शाखामा सम्पर्क गर्नुहुन । (सम्पर्क व्यक्ति- श्री विकास झा मो. नं. ९८१७८५२८५८)

२०८०।४।१

रत्नेश शशि
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत